# नेपाल संस्कृत विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालयको
# परीक्षा आवेदन प्रपत्र (फाराम)
# भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय बेलझुन्डी दाङद्वारा वि.सं. २०७९/०८० सालमा सञ्चालन गरिने आचार्य प्रथम तथा द्वितीय खण्ड-२०७८ (नियमित/आंशिक/स्वतन्त्र) को परीक्षा नियमानुसार दिन पाउने परीक्षार्थीहरूले समेत नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी वि.सं. २०७९।११।०३ गतेसम्म आ-आफ्नो विद्यापीठमा बुझाउन सम्बद्ध सबैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन प्रपत्र (फाराम) परीक्षा-नियन्त्रण-कार्यालय दाङ, ने.सं.वि.अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त सबै विद्यापीठहरूबाट प्राप्त गर्न सकिनेछ ।

**१. परीक्षा शुल्कहरू :-**

**आचार्य तहका लागि**

| तह | नियमित | | स्वतन्त्र | | विशिष्ट | स्वतन्त्र तथा विशिष्टका लागि डाँक खर्च | फर्म शुल्क | केन्द्र शुल्क | रजिष्ट्रेसन शुल्क | इमिग्रेसन शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | | | | | | |
| आचार्य | २००।- | ७०।- | २५०।- | १००।- | - | ५०।- | ५०।- | १५०।- | ३००।- | ३००।- |

**२. विलम्व शुल्क सम्बन्धमा :-**

परीक्षा आवेदन प्रपत्र (फाराम) बुझाउने म्याद भुक्तान भएको मितिले पहिलो हप्तासम्म रू. १००।-, दोस्रो हप्तासम्म रू. ५००।- जम्मा गरी आवेदन प्रपत्र (फर्म) बुझाउन सकिने छ ।

**३. परीक्षा शुल्क पठाउने सम्बन्धमा :-**

परीक्षा-शुल्क रा.बा.बैंक शाखा कार्यालय, तुलसीपुरमा रहेको यस कार्यालयको च.हि.नं. ४१६०१००००१९०५००१ मा रकम जम्मा गरेको सक्कल भउचर संलग्न गरी पठाउनुपर्ने छ ।

**४. परीक्षा आवेदन प्रपत्र (फर्म) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू :-**

(क) नियमित परीक्षार्थीहरूको हाजिरी प्रतिशत विद्यापीठले अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गर्नुपर्ने छ ।

(ख) परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) खण्डशः बेग्लाबेग्लै भर्नुपर्ने छ ।

(ग) नियमित परीक्षार्थीहरूले पूर्व परीक्षाको लब्धाङ्कपत्र तथा शैक्षिक प्रगति विवरण प्रपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेस गर्नुपर्ने छ ।

(घ) **आंशिक परीक्षाका परीक्षार्थीहरूले तह प्रवेश वर्ष र प्रत्येक पटक परीक्षा दिएको वर्ष एवं अनुक्रमाङ्क क्रमैसँग अनिवार्य रूपमा भरी पूर्व लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपिहरू पनि अनिवार्य रूपमा पठाउनुपर्ने छ ।**

(ङ) अन्य विश्वविद्यालयबाट परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीहरूले आफूले प्राप्त गरेको पूर्व परीक्षाका सबै प्रमाणपत्र र लब्धाङ्कपत्रहरूका प्रमाणित प्रतिलिपि समेत परीक्षा आवेदन प्रपत्र (फाराम) सँगै पेस गरी पठाउनुपर्ने छ ।

(च) उपर्युक्त बमोजिम तोकिएको परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा फाराम नभरिएमा पञ्जीकरण प्रपत्र (दर्ता फाराम) नभरेमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा फाराम अस्वीकार्य हुने छन् ।

क्रमशः

परीक्षा-नियन्त्रक:

५. स्वतन्त्र परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) भरी सिधै परीक्षा नियन्त्रण कार्यालय, दाङमा पठाउनुपर्नेछ र स्वतन्त्र परीक्षार्थीले प्रत्येक खण्डको परीक्षाहरू एउटै केन्द्रबाट दिनुपर्ने छ ।

६. परीक्षा आवेदन फारामहरू विद्यापीठले रीतपूर्वक रुजु गरी खण्डशः अलग-अलग गरी परीक्षार्थीहरूको विषयगत विवरण वर्णानुक्रमअनुसार तयार पारी शुल्कसहित फाराम भर्ने अन्तिम मितिले ७ दिनभित्र परीक्षा नियन्त्रण कार्यालय बेलभ्रुन्डी, दाङमा आइपुग्ने गरी पठाउनुपर्ने छ ।

७. आंशिक परीक्षार्थीहरूको हकमा २०७३ साल यता प्रथम पटक आचार्य प्रथम खण्डको परीक्षा दिएका छात्रछात्राहरूले मात्र आवेदन पत्र भर्न पाउने छन् ।

८. राम्रोसँग परीक्षा आवेदन फाराम नभरी विवरण फरक पर्न गएमा सम्बन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुने छन् ।

दिनाङ्क :- २०७९ साल पुस २५ गते,
बेलभ्रुन्डी, दाङ ।

...............................

(डा. बाबुराम आचार्य)
परीक्षा नियन्त्रक

**परीक्षा-नियन्त्रक:**